नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep #११०

२३ असोज २०७७

| २०७७ बैशाख १ देखि असोज २२ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २९५ | ६४ | २२३ | ४२ | ३७ | ११ | ६५ | ० | २१३ | ४०२ | १०१ | ४४७ |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि असोज २२ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २९३ | ६४ | २२२ | ३९ | ३६ | ९ | ३५ | ० | ९४ | ३६७ | १०० | ३२५ |
| **२०७७ असोज २२ देखि २३ गते बिहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | लेक लागेर | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

# दैनिक विपद् बुलेटिन

२२ असोज बिहान १०:०० बजेदेखि २३ असोज बिहान १०:०० बजेसम्म

**नेपाल**मा आज ४ स्थानमा **आगलागी**का घटना घटेको छ । यी आगलागीबाट २ जना **घाईते**, **८ लाख १० हजार रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ० | ० | ४ | २ | ८,१८,००० | ० | ० |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का ४ वटा घट्ना भएको छ ।
- **ललितपुर**को महालक्ष्मी नगरपालिका वडा नं ३ इमाडोल बाग्ला गाँउस्थित एक टिनको टहराको कोठामा अचानक ग्याँस लिक भई **आगलागी** हुँदा आगो निभाउने क्रममा **२ जना घाईते,** बिस्तारा ,लत्ताकपडा, भाडावर्तन गरी **२० हजार रुपैंया** बराबरको क्षति ।
- **ताप्लेजुङ्गको** फक्ताालुङ गाउँपालिका वडा नं ६ नुप्लुङस्थित एक घरमा अचानाक **आगलागी** हुँदा घर तथा सामानहरु, अन्नपात, लताकपडा जलि **२ लाख ९८ हजार रुपैंया** बराबरको क्षति ।
- **सोलुखुम्बु**को दुधकोशी नगरपालिका वडा नं ११ चारघरेस्थित एक घरको अगेनामा बालेको आगो अचानक सल्कन गई **आगलागी** हुदाँ घर, भाँडावर्तन, अन्नपात, लत्ताकपडा र नगद सहित **५ लाख रुपैंया** बराबरको क्षति ।
- **बाँके**को नेपालगञ्ज उपमहानगरपालिका वडा नं १८ कारकादोस्थित सिद्धार्थ कटेजको बार एक्सनमा बिद्युतीय तार सर्ट हुन गई अचानक **आगलागी** हुँदा कटेजभित्र रहेका बिभिन्न ब्राण्डका मदिराहरुभाडा ,फर्निचर ,वर्तन खाद्यान्न ।एसी तथा घर जलि नष्ट ,क्षतिको बिबरण खुल्न नआएको ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट आगलागीमा परी घाईते भएकाहरुलाई नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पुर्याइएको, दमकल र स्थानीयको सहयोगमा आगलागी पूर्ण नियन्त्रणमा लिइएको ।

## बाढी पूर्वानुमान

असोज-२३ (शुक्रबार) (विहान ७ बजे देखि २४ घण्टा)

- आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव घट्दो हुने तथा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाव घट्दो हुने तथा सबैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।
- आज देशैभरका स-साना नदीमा बहाब सामान्य हुने पूर्वानुमान छ ।

**थप जानकारीका लागि** जल तथा मौसम विज्ञान विभाग**को वेभसाइट:http://hydrology.gov.np/**

## आगामी तीन दिनको मौसम पूर्वानुमान

असोज २३ गते (शुक्रबार)

**दिउँसो :** देशभर आंशिक बदली रहनेछ।प्रदेश १ का एक-दुई स्थानहरुमा हल्का वर्षाको सम्भावना रहेको छ ।
**राती :** देशभर आंशिक बदली रहनेछ।

असोज २४ गते (शनिबार)

**दिउँसो देशभर** आँशिक देखि सामान्य बदली रहि एक-दुई स्थानहरुमा हल्का वर्षाको सम्भावना रहेको छ ।
**राती :** देशभर पहाडी भू-भागहरुमा आँशिक बदली रही बाँकि भूभागको मौसम सामान्यतया सफा रहने छ ।

असोज २५ गते (आइतबार)

**दिउँसो : देशभर** आँशिक देखि सामान्य बदली रहि एक-दुई स्थानहरुमा हल्का वर्षाको सम्भावना रहेको छ ।
**राती :** देशको पहाडी भू-भागहरुमा आँशिक बदली रही बाँकि भूभागको मौसम सामान्यतया सफा रहने छ ।

**गणितिय मौसम पूर्वानुमानमा आधारित तीन दिनसम्मको मौसमको अवस्थाका लागि यो लिंकमा हेर्नुहोला ।**
http://mfd.gov.np/nwp/#/nwp/Precipitation, http://mfd.gov.np/nwp/#/nwp/Wind

## वर्षाको सारांश

असोज २२ गते बिहान ०८:४५ बजे देखि असोज २३ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०६/२३ गते बिहान ०८:४५ बजे १९७ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ८२ र स्वचालितः ११५) मा मापन गरिएको वर्षाको विवरण अनुसार संखुवासभा जिल्लाको खाँदबारी केन्द्रमा मात्र हल्का वर्षा (०.२ मि. मी.) भएको छ (चित्र १)।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**